वित्त कम्पनीको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः देशको आर्थिक विकासमा गतिशीलता ल्याई सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न देशमा छरिएर रहेको पूंजीलाई एकत्रित गरी संस्थागत रूपमा लगानी गरी गैरबैंकिङ कामकाज गर्ने वित्त कम्पनीको स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "वित्त कम्पनी ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कम्पनी" भन्नाले दफा ३ बमोजिम स्थापना भएको वित्त कम्पनी सम्झनुपर्छ ।

(ख) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक सम्झनुपर्छ ।

(ग) "समिति" भन्नाले दफा ६ बमोजिम गठन भएको संचालक समिति सम्झनुपर्छ ।

(घ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ङ) "संचालक" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्षलाई समेत जनाउँछ ।

(च) "साधारण सभा" भन्नाले शेयर धनीहरूको साधारण सभा सम्झनुपर्छ ।

(छ) "महाप्रबन्धक" भन्नाले कम्पनीको व्यवस्थापक वा कम्पनीको मुख्य भै दैनिक कार्य-संचालनको जिम्मा लिई कामकाज गर्ने व्यक्ति समेतलाई जनाउँछ ।

(ज) "कर्जा" भन्नाले कुनै चल-अचल सम्पत्ति धितो वा बन्धक लिई वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई कम्पनीले निर्धारण गरेको शर्तमा दिने ऋण सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) "शेयर" भन्नाले कम्पनीको शेयर सम्झनुपर्छ ।

(ञ) "शेयर धनी" भन्नाले कम्पनीको शेयर खरीद गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(ट) "डिबेन्चर" भन्नाले कम्पनीले आफ्नो जायजेथा धितो वा जमानत राखी जारी गरेको ऋणपत्र सम्झनुपर्छ ।

(ठ) "धितोपत्र" (सिक्युरिटी) भन्नाले कुनै स्वदेशी वा विदेशी शेयर, स्टक, बण्ड, डिबेन्चर, डिबेन्चर स्टक र श्री ५ को सरकारले जारी गरेको ऋणपत्र सम्झनुपर्छ र सो शब्दले धितोपत्रको धरौटीसम्बन्धी भरपाई, धितोपत्रसम्बन्धी हक र अधिकारपत्र समेतलाई जनाउँछ ।

(ड) "वित्तीय कारोवार" भन्नाले कम्पनीले कुनै व्यक्ति, कम्पनी वा संस्थासँग निक्षेप वा ऋण वा ऋणको रूपमा रकम स्वीकार गर्ने, सापटी लेनदेन गर्ने वा लगानी गर्ने काम सम्झनुपर्छ ।

(ढ) "विभाग" भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको विभाग सम्झनुपर्छ ।

(ण) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

परिच्छेद–२

कम्पनीको स्थापना र व्यवस्था

३. कम्पनीको स्थापनाः देहायको कुनै एक वा एकभन्दा बढी काम गर्ने उद्देश्यको लागि शेयरको बिक्रीबाट पूंजी उठाई सीमित दायित्व भएको कम्पनी (लिमिटेड कम्पनी) स्थापना गर्न सकिनेछः–

(क) कुनै व्यक्ति, कम्पनी वा संस्थालाई बस, ट्रक, टेम्पोजस्ता सवारी साधन वा किसान, उद्यमी र अन्य व्यवसायीहरूको प्रयोगको लागि आवश्यक पर्ने मेशिन, औजार र उपकरणजस्ता मालसामानको लागि हायर पर्चेज कर्जा उपलब्ध गराउने ।

(ख) श्री ५ को सरकार, संगठित संस्था वा कुनै कम्पनीमा काम गर्ने कर्मचारी वा अन्य कुनै व्यक्तिलाई शहरी क्षेत्रमा आवासीय घर निर्माण गर्न वा घर किन्न वा घर निर्माण गर्नको लागि जग्गा खरीद गर्न कर्जा उपलब्ध गराउने ।

(ग) कुनै व्यक्ति, कम्पनी वा संस्थालाई आवश्यक पर्ने कृषि, औद्योगिक, व्यापारिक र कार्यालयसम्बन्धी ठूला वा साना मेशिन, औजार र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तै प्रकारका अन्य चल सम्पत्ति वा आवासीय भवन वा गोदामघर भाडामा लिन-दिनको लागि दलाल (ब्रोकर) को काम गर्ने वा सो कामको व्यवस्था मिलाइदिने ।

(घ) लगानीसम्बन्धी निम्न कामहरू गर्ने,–

(१) श्री ५ को सरकारद्वारा निष्काशित ऋणपत्र र अन्य कम्पनी वा संस्थाद्वारा जारी गरिएको धितोपत्रहरू खरीद बिक्री गर्ने, अण्डरराईट गर्ने, सो कामको लागि सिण्डिकेशन गर्ने वा सिण्डिकेशनमा भाग लिने तथा धितोपत्र कारोवार ऐन, २०४० बमोजिम दलाल (ब्रोकर) को काम गर्ने ।

(२) आर्थिक विकासमा टेवा दिने खालका उद्योग, व्यापार वा व्यवसाय संचालन गर्नको लागि आवश्यक पर्ने मध्यकालीन तथा दीर्घकालीन अवधिको निमित्त कर्जा उपलब्ध गराउने वा सोसम्बन्धी माध्यम (इन्टरमिडियरी) को काम गर्ने वा जमानत बस्ने ।

स्पष्टीकरणः यस उपखण्डको प्रयोजनको लागि "मध्यकालीन तथा दीर्घकालीन अवधि" भन्नाले बैंकले समय-समयमा कम्पनीलाई सूचित गरी तोकिएको अवधि सम्झनुपर्छ ।

(३) कुनै व्यापारिक वा औद्योगिक कम्पनी वा संस्थाको स्थापना गर्न गराउन प्रोत्साहन दिने र त्यस्ता कम्पनी वा संस्थाको एकीकरण, सुदृढीकरण, पुनर्व्यवस्थापन, विस्तार र पूंजी वृद्धिमा सहयोग गर्ने ।

(४) आर्थिक विकासमा सघाउ पुऱ्याउने खालका परियोजना, तालीम वा कार्यक्रम संचालन गर्न वा सो काम गर्न मद्दत गर्ने जिम्मा लिने वा तत्सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।

(५) वित्तीय सल्लाहकार, लगानी सल्लाहकार, व्यवस्थापन सल्लाहकार र दलालको रूपमा काम गर्ने ।

(६) गुठी (ट्रष्ट) को जायजेथा र कोष संचालन गर्ने कामको जिम्मा लिई ट्रष्टीको काम गर्ने ।

(ङ) बैंकले समय-समयमा तोकिदिएको वित्तीय साधन परिचालन परियोजना लागू गर्ने, ऋण लिने वा निक्षेप स्वीकार गर्ने ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) बैंकको सिफारिशमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अन्य काम गर्ने ।

४. कम्पनी दर्ता गर्न निवेदन दिनु पर्नेः दफा ३ बमोजिम कम्पनी दर्ता गर्न चाहने व्यक्तिले दफा ५ बमोजिम बैंकको सिफारिशसहित विभागमा निवेदन दिनु पर्नेछ ।

५. सिफारिशको लागि निवेदन दिनु पर्नेः (१) कम्पनी स्थापना गर्न चाहनेले बैंकको सिफारिशको लागि देहायका कागजातहरू संलग्न गरी बैंकमा निवेदन गर्नु पर्नेछः–

(क) कम्पनीको प्रबन्धपत्र, नियमावली र विवरणपत्रको प्रमाणित प्रतिलिपि ।

(ख) बैंकले तोकिदिएबमोजिमका अन्य विवरणहरू ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा बैंकले आवश्यक जाँचबुझ गरी कम्पनी स्थापना गर्न सिफारिश गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कम्पनी स्थापना गर्नको लागि सिफारिश गर्दा बैंकले आवश्यक शर्तहरू तोक्न सक्नेछ र यसरी तोकिदिएका शर्तहरू पूरा गर्नु सम्बन्धित कम्पनीको कर्तव्य हुनेछ ।

६. कम्पनी दर्ता गर्नेः (१) कम्पनी स्थापना गर्न दफा ४ बमोजिम निवेदन पर्न आएमा विभागले आवश्यक जाँचबुझ गरी यो ऐनबमोजिम काम गर्न कम्पनी ऐन, २०२१ बमोजिम त्यस्तो कम्पनी दर्ता गरी त्यसको सूचना सो कम्पनीको संस्थापकहरूलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कम्पनी दर्ता भएपछि सो कम्पनी स्थापना भएको मानिनेछ ।

(३) उपदफा (१) बमोजिम दर्ता भएको कम्पनीलाई विभागले तोकिए-बमोजिम दस्तूर लिई तोकिएबमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ ।

७. कम्पनी व्यक्ति सरह हुनेः (१) यस ऐनबमोजिम स्थापना भएको कम्पनी अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ र आफ्नो काम कारोवार गर्नको लागि कम्पनीको एउटा छुट्टै छाप हुनेछ ।

(२) कम्पनीले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न, बेच-बिखन गर्न, कुनै किसिमले हक छाडी दिन वा अरू किसिमले व्यवस्था गर्न सक्नेछ र कम्पनीउपर कसैले वा कम्पनीको तर्फबाट कुनै व्यक्तिउपर नालिश उजूर गर्नु परेमा कम्पनीको नामबाट गर्न सकिनेछ ।

८. कम्पनीको कार्यालयः कम्पनीको केन्द्रीय कार्यालय नेपाल अधिराज्यको कुनै स्थानमा रहन सक्नेछ र आवश्यकतानुसार कम्पनीले बैंकको सिफारिशमा आफ्नो शाखा कार्यालयहरू नेपाल अधिराज्यका विभिन्न ठाउँहरूमा खोल्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–३
कम्पनीको व्यवस्थापन

९. संचालक समितिको गठनः (१) कम्पनीमा बढीमा सात जना संचालकहरू भएको एउटा संचालक समिति रहनेछ ।

(२) संचालकहरू साधारण सभाबाट निर्वाचित हुनेछन् ।

(३) संचालक समितिको अध्यक्षता अध्यक्षले गर्नेछ । अध्यक्षको निर्वाचन संचालकहरूमध्येबाट बहुमतको आधारमा हुनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको कम्पनीमा श्री ५ को सरकारले अध्यक्ष लगायत सबै संचालकहरू मनोनयन गर्न सक्नेछ र सोबाहेक श्री ५ को सरकारको शेयर भएको अन्य कम्पनीमा शेयरको अनुपातमा श्री ५ को सरकारले संचालकहरू मनोनयन गर्न सक्नेछ । संगठित संस्थाले कम्पनीको शेयर लिएकोमा शेयरको अनुपातमा संचालकहरू मनोनयन गर्न सक्नेछ ।

(५) अध्यक्ष लगायत संचालकहरूको कार्यावधि चार वर्षको हुनेछ । कार्यावधि समाप्त भएको संचालक पुनः निर्वाचित वा मनोनीत हुन सक्नेछ ।

तर कुनै पनि संचालक लगातार दुई पटकभन्दा बढी कार्यकालको निमित्त पुनः निर्वाचित वा मनोनीत हुन सक्ने छैन ।

(६) कुनै कारणवश कार्यावधि समाप्त हुनु अगावै अध्यक्ष वा कुनै संचालकको पद रिक्त हुन आएमा सो रिक्त पदमा बाँकी अवधिसम्मको लागि समितिले अर्को अध्यक्ष वा संचालक नियुक्त गर्न सक्नेछ र यस्तो नियुक्ति त्यसपछि हुने साधारण सभाद्वारा समर्थन गराउनु पर्नेछ । यसरी नियुक्त भएको संचालकको पटक कायम गर्दा उपदफा (५) बमोजिम गणना गरिनेछैन ।

तर श्री ५ को सरकार वा कुनै संगठित संस्थाबाट मनोनयन हुने संचालकहरूको हकमा बाँकी कार्यावधिको लागि श्री ५ को सरकार वा सम्बन्धित संगठित संस्थाले नै मनोनयन गर्नेछ ।

(७) अध्यक्ष लगायत संचालकहरूको पारिश्रमिक तथा अन्य सुविधाहरू साधारण सभाले तोकिदिएबमोजिम हुनेछ ।

१०. व्यवस्थापनः (१) कम्पनीको सबै काम कारवाहीको रेखदेख, निर्देशन र नियन्त्रण समितिले गर्नेछ ।

(२) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा स्पष्ट लेखिएबाहेक अरू कुराका सम्बन्धमा कम्पनीलाई भएका सबै अधिकारहरूको प्रयोग तथा पालन समितिले गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. संचालकको निमित्त अयोग्यता: वेहायको कुनै अवस्था भएको व्यक्ति संचालकको पदमा निर्वाचित वा मनोनयन हुन वा सो पदमा कायम रहन अयोग्य मानिनेछ:–

(क) एक्काईस वर्ष उमेर नपुगेको,

(ख) बहुलाएको वा मानसिक सन्तुलन नभएको,

(ग) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको व्यक्ति त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष नपुगेको,

(ङ) यस ऐनअन्तर्गत स्थापना भएको कुनै कम्पनीमा संचालक वा कर्मचारीको रूपमा बहाल रहेको,

(च) कम्पनीसँग ठेक्कापट्टा वा कुनै किसिमको कारोवार गरिरहेको ।

१२. संचालकको पद रिक्त हुने अवस्था: वेहायको कुनै अवस्थामा संचालकको पद रिक्त भएको मानिनेछ:–

(क) दफा ११ बमोजिम संचालक रहन अयोग्य भएमा,

(ख) संचालकको पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ग) मृत्यु भएमा,

(घ) मनासिव माफिकको कारणविना लगातार तीन पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा,

(ङ) श्री ५ को सरकार वा कुनै संगठित संस्थाबाट मनोनयन भएको संचालक आफ्नो पदमा बहाल नरहेमा ।

१३. समितिको काम, कर्तव्य र अधिकार: (१) साधारण सभाबाट हुने कामबाहेक यस ऐनबमोजिम कम्पनीले गर्नु पर्ने सबै काम कारवाही र अधिकारको प्रयोग कम्पनीको नामबाट हुनेछ ।

(२) समितिले आफूले प्रयोग गर्न पाउने अधिकारहरूमध्ये केही अधिकार संचालक, संचालकहरूको उप-समिति, महाप्रबन्धक वा कम्पनीको अधिकृत कर्मचारीलाई सुम्पन सक्नेछ । अध्यक्ष वा महाप्रबन्धकले पनि आफ्नो अधिकारमध्ये केही अधिकार आफ्नो जवाफदेहीमा आफूभन्दा मुनिका अधिकृत कर्मचारीहरूलाई सुम्पन सक्नेछ ।

१४. समितिको बैठक: (१) अध्यक्षको आदेशानुसार समितिको सचिवले स्थान, मिति र समय तोकी समितिको बैठक बोलाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कम्तीमा एक-तिहाई संचालकहरूले लिखित अनुरोध गरेमा अध्यक्षले जुनसुकै बखत पनि समितिको बैठक बोलाउनु पर्नेछ ।

(३) पचास प्रतिशतभन्दा बढी संचालकहरूको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले वा निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरूले आफूमध्येबाट छानेका सञ्चालकले गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने सञ्चालकले निर्णयात्मक मत दिनेछ ।

(६) कुनै सञ्चालकको निजी स्वार्थ भएको कुनै प्रस्तावउपर समितिको बैठकमा छलफल हुँदा सो बैठकमा त्यस्तो सदस्यले भाग लिन पाउनेछैन ।

(७) समितिको प्रत्येक बैठकमा उपस्थित भएका सञ्चालकहरूको नाम, छलफलको निमित्त राखिएको विषय-सूची, छलफल भएका विषयहरू बैठकको निर्णय तथा तत्सम्बन्धी आवश्यक कुराहरू अध्यक्षले तोकेको व्यक्तिले निर्णय पुस्तिकामा लेखी राख्नु पर्नेछ ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

१५. साधारण सभाः (१) कम्पनीको स्थापना भएको एक वर्षभित्र अध्यक्षले तोकेको मिति, समय र स्थानमा साधारण सभा बस्नेछ । त्यसपछि प्रत्येक वर्ष कम्पनीको आर्थिक वर्ष पूरा भएको छ महीनाभित्र वार्षिक साधारण सभा बस्नेछ ।

(२) साधारण सभामा कम्पनीको बिक्री भएको जम्मा शेयर संख्याको पच्चीस प्रतिशतसम्म शेयर खरीद गर्ने शेयर धनीहरू स्वयं वा निजका प्रतिनिधिहरू उपस्थित भएमा साधारण सभाको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) उपदफा (२) मा लेखिएको संख्यामा शेयर धनीहरू वा निजका प्रतिनिधिहरू उपस्थित नभई सो दिन सभा हुन नसकेमा सामान्यतः त्यसको भोलिपल्ट साधारण सभा बस्नेछ र उक्त सभामा जतिसुकै संख्यामा शेयर धनीहरू वा निजका प्रतिनिधिहरू उपस्थित भए पनि सभाको कार्य सञ्चालन गर्न बाधा हुनेछैन ।

(४) शेयर धनीहरूमध्ये पच्चीस प्रतिशतले लिखित अनुरोध गरेमा वा समितिले उचित ठह्न्याएमा जुनसुकै बखत पनि विशेष साधारण सभा बोलाउन सकिनेछ ।

(५) वार्षिक साधारण सभामा खास गरेर देहायका विषयहरू पेश भई छलफल हुनेछ र तत्सम्बन्धमा सो सभाले गरेको निर्णय अन्तिम हुनेछ :–

(क) वार्षिक हरहिसाब

(ख) कम्पनीको कामकाजसम्बन्धी वार्षिक प्रतिवेदन,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) वासलात,
(घ) लाभ हानिको हरहिसाब,
(ङ) लेखापरीक्षकको प्रतिवेदन,
(च) समितिले पेश गरेको लाभाँश,
(छ) सञ्चालकको निर्वाचन,
(ज) लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक,
(झ) समितिको सुझाव,
(ञ) समितिको प्रतिवेदन र
(ट) अन्य भैपरी आउने आवश्यक विषयहरू।

(६) साधारण सभाको अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

१६. कम्पनीले गर्न नहुने कामः कम्पनीले देहायको कुनै काम गर्नु हुँदैनः–

(क) यस ऐनअन्तर्गत कम्पनीले गर्नु पर्ने कामहरू बाहेक अन्य काम गर्न,
(ख) सञ्चालकलाई कर्जा दिन,
(ग) सञ्चालक वा महाप्रबन्धक जमानत बसेको आधारमा मात्र कुनै व्यक्ति, संस्था वा कम्पनीलाई विनासुरक्षण कुनै किसिमको कर्जा दिन,
(घ) चेक, ड्राफ्ट वा अन्य विनिमेय अधिकार-पत्रको माध्यमबाट मागनासाथ भुक्तानी दिनु पर्ने गरी कुनै निक्षेप वा कर्जा स्वीकार गर्न।

परिच्छेद–४
शेयर तथा पूंजीसम्बन्धी व्यवस्था

१७. शेयर धनीको दर्ता किताबः कम्पनीले शेयर धनीको नाम तोकिएको ढाँचाको दर्ता किताबमा तोकिएबमोजिमको विवरणसहित खुलाई दर्ता गरी राख्नु पर्नेछ।

१८. शेयरको प्रमाणपत्रः (१) कम्पनीले दफा १७ बमोजिमको दर्ताकिताबमा नाम दर्ता भएको प्रत्येक शेयर धनीलाई तोकिएबमोजिमको ढाँचामा शेयरको प्रमाणपत्र दिनु पर्नेछ।

(२) शेयरको प्रमाणपत्रसम्बन्धी अन्य कुराहरू तोकिएबमोजिम हुनेछन्।

१९. शेयर धनीको हक र दायित्वः (१) शेयरको क्रमसंख्या जनाई कम्पनीको छाप लगाएको शेयर प्रमाणपत्रमा जसको नाम लेखिएको छ वा जसको नाममा शेयर नामसारी भएको छ सोही व्यक्ति शेयरको धनी ठहर्नेछ।

तर नाबालक वा मानसिक सन्तुलन नभएको व्यक्तिको वारेसको नाममा दर्ता भएको शेयरको हकमा नाबालक वा मानसिक सन्तुलन नभएको व्यक्ति नै शेयरको खास धनी ठहर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) शेयर धनीले आफूले खरीद गरी लिएको प्रत्येक शेयरको एक मत दिन पाउनेछ।

(३) शेयर धनीले आफ्नो मत प्रतिनिधिद्वारा पनि तोकिएबमोजिम दिन सक्नेछ।

(४) कम्पनीको ऋण र दायित्वहरूका सम्बन्धमा प्रत्येक शेयर धनीको व्यक्तिगत दायित्व निजले खरीद गरेको शेयरसम्म मात्र सीमित रहनेछ।

२०. शेयरको हस्तान्तरणः (१) शेयर धनीले प्रचलित कानूनको रीत पुऱ्याई आफ्नो नाममा रहेको शेयर अरू कसैलाई हक छाडी दिन वा धितो बन्धक राख्न सक्नेछ।

(२) शेयरको हस्तान्तरणसम्बन्धी अन्य कुराहरू तोकिएबमोजिम हुनेछ।

२१. शेयर पूंजीको निष्काशनः (१) कम्पनीको चुक्ता पूंजी पच्चीस लाखभन्दा कम हुनु हुँदैन। सो रकमलाई एक-एक सय रूपैयाँको जम्मा पच्चीस हजार शेयरमा विभाजित गरिनेछ र प्रत्येक शेयर अविभाज्य हुनेछ।

(२) चुक्ता पूंजी निष्कासित पूंजीको आधाभन्दा कम हुनु हुँदैन।

(३) निष्कासित पूंजी अधिकृत पूंजीको आधाभन्दा कम हुनु हुँदैन।

(४) कम्पनीले अधिकृत शेयर पूंजी बढाउनु परेमा बैंकको स्वीकृति लिनु पर्नेछ।

(५) कम्पनीको साधारणतः साठी प्रतिशत शेयर सर्वसाधारण जनताले लिने गरी बिक्री गर्नु पर्नेछ।

(६) पब्लिक लिमिटेड कम्पनीबाहेक अन्य व्यक्तिले कुल शेयर संख्याको दश प्रतिशतभन्दा बढी शेयर प्राप्त गर्ने गरी बिक्री वितरण गर्न पाइनेछैन।

(७) कम्पनीको पूँजी-कोष सो कम्पनीको निक्षेप, डिबेन्चर, ऋण र अन्य साधन परिचालनबाट प्राप्त हुने कुल रकमको कम्तिमा दश प्रतिशत हुनु पर्नेछ।

तर त्यस्तो प्रतिशत बैंकले समय-समयमा दिएको निर्देशनबमोजिम बढाउनु पर्नेछ।

(८) बैंकको स्वीकृति नलिई कम्पनीको शेयर विदेशी नागरिकलाई बिक्री गर्न वा हस्तान्तरण गर्नु हुँदैन।

(९) कम्पनीको शेयर चल सम्पत्ति ठहर्नेछ र प्रत्येक शेयरमा क्रमसंख्या राख्नु पर्नेछ।

२२. डिबेन्चर जारी गर्न सक्नेः कम्पनीले आफ्नो कारोवार गर्न पूंजी अपर्याप्त भएमा बैंकको पूर्वस्वीकृति लिई डिबेन्चर जारी गर्न सक्नेछ।

२३. आर्थिक सहायता वा ऋण लिन सक्नेः (१) कम्पनीले आफ्नो कारोवार गर्न पूंजीको कमी भएमा आर्थिक सहायता वा ऋण लिन सक्नेछ। यस्तो सहायता वा ऋण लिनुभन्दा अगाडि कम्पनीले बैंकको स्वीकृति लिनु पर्नेछ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी सरकार वा विदेशी वा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाबाट कुनै आर्थिक सहायता वा ऋण लिनु परेमा कम्पनीले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

२४. पूंजी-कोषसम्बन्धी व्यवस्था: (१) कम्पनीले बैंकले तोकेको प्रतिशतमा नघट्ने गरी पूंजी-कोष राख्नु पर्नेछ ।

(२) आर्थिक वर्षको अन्त्यमा कुनै कम्पनीको पूंजी-कोष उपदफा (१) बमोजिम बैंकले तोकेको प्रतिशतभन्दा कम हुन गएमा त्यस्तो कम्पनीले पूंजी-कोषमा नपुग भएको रकम अर्को आर्थिक वर्षभित्र आफ्नो खुद मुनाफाको रकमबाट जगेडा कोषमा सारी वा नयाँ शेयर निष्कासित गरी पूर्ति गर्नु पर्नेछ ।

२५. तरलता कायम राख्नु पर्ने: बैंकले समय-समयमा निर्देशन दिएअनुरूप निर्देशनमा तोकिएको म्यादभित्र कम्पनीले न्यूनतम तरल सम्पत्ति राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम न्यूनतम तरल सम्पत्ति कायम गर्दा प्रत्येक कम्पनीले आफ्नो निक्षेप वा आफूले तिर्नु पर्ने कुल कर्जाको दायित्वको अनुपातमा बैंकले तोके-अनुसारको दायित्वको अनुपात कायम गर्नु पर्नेछ । त्यस्तो तरल सम्पत्तिको अनुपातमा बैंकले समय-समयमा सूचना जारी गरी तोकेबमोजिम हुनेछ ।

(३) कम्पनीले उपदफा (१) बमोजिम न्यूनतम तरलता कायम राख्न नसकेमा बैंकको लिखित स्वीकृतिबिना कुनै पनि व्यक्तिलाई कर्जा दिन वा सापटी दिन सक्नेछैन ।

(४) बैंकले कम्पनीको तरल सम्पत्तिसम्बन्धी विवरणहरू समय-समयमा माग गर्न सक्नेछ र माग भएबमोजिमको विवरणहरू उपलब्ध गराउनु कम्पनीको कर्तव्य हुनेछ ।

(५) यस दफाको प्रयोजनको लागि "तरल सम्पत्ति" भन्नाले देहायका सम्पत्तिहरू सम्झनुपर्छ:-

(क) कम्पनीसँग भएको नेपाली नोट तथा मुद्राहरू,
(ख) बैंकमा वा कुनै वाणिज्य बैंकमा रहेको मौज्दात,
(ग) श्री ५ को सरकारको ऋण-पत्रहरू,
(घ) बैंकले समय-समयमा तोकिदिएका अन्य सम्पत्तिहरू ।

२६. जोखिमपूर्ण सम्पत्ति राख्ने सीमा: (१) कम्पनीले आफूसँग राख्ने जोखिमपूर्ण सम्पत्तिको हद बैंकले तोकेअनुसार हुनेछ ।

(२) उपदफा (१) बमोजिम जोखिमपूर्ण सम्पत्तिको हद तोक्दा बैंकले पूंजी-कोषको अनुपातमा तोक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "पूंजी-कोष" भन्नाले अन्तिम पटक प्रकाशित गरिएको वार्षिक वासलातमा देखाइएको चुक्ता पूंजी र जगेडा कोष सम्झनु पर्छ ।

(३) यस दफाको प्रयोजनको लागि "जोखिमपूर्ण सम्पत्ति" भन्नाले निम्न-लिखित सम्पत्तिहरू बाहेकका अन्य सम्पत्तिहरूलाई जनाउँछः–

(क) दफा २५ को उपदफा (५) मा उल्लेख गरिएका तरल सम्पत्तिहरू,

(ख) दफा ४१ को खण्ड (ग) मा उल्लेख गरिएका कोषहरू,

(ग) बैंकले सूचना जारी गरी तोकिदिएका अन्य सम्पत्तिहरू ।

२७. कम्पनीले सुरक्षण लिएर मात्र ऋण दिनु पर्नेः (१) कम्पनीले आफूलाई मान्य हुने धितो वा अन्य आवश्यक सुरक्षण जमानत नलिई ऋण दिनु हुँदैन ।

(२) कम्पनीले दिने ऋणसम्बन्धी अन्य कुराहरू तोकिएबमोजिम हुनेछ ।

परिच्छेद–५

कोष लेखा र लेखापरीक्षण

२८. कम्पनीको कोषः (१) कम्पनीको आफ्नो एउटा छुट्टै कोष हुनेछ । कम्पनीको शेयर, पूंजी, ऋण र आर्थिक सहायता लगायत सबै रकम सो कोषमा जम्मा गरिनेछ ।

(२) कम्पनीको सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(३) कम्पनीको कोषको संचालन तथा आर्थिक प्रशासनसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२९. जगेडा कोषः (१) दफा २८ बमोजिमको कोषबाहेक कम्पनीको एउटा छुट्टै जगेडा कोष हुनेछ ।

(२) कम्पनीले लाभांश घोषणा गर्नुभन्दा अगाडि प्रत्येक वर्षको खुद नाफाबाट देहायबमोजिमको रकम उपदफा (१) बमोजिमको जगेडा कोषमा राख्नु पर्नेछ ।

(क) जगेडा कोषमा भुक्तानी पूंजीको पचास प्रतिशतभन्दा कम रकम भएमा कम्तीमा पचास प्रतिशत रकम खुद नाफाबाट सार्ने,

(ख) जगेडा कोषमा भुक्तानी पूंजीको पचास प्रतिशतभन्दा बढी तर शतप्रतिशत भन्दा कम रकम भएमा कम्तीमा पच्चीस प्रतिशत रकम खुद नाफाबाट सार्ने ।

(३) कम्पनीले जगेडा कोषमा जम्मा भएको रकम झिक्न वा लगानी गर्नु परेमा बैंकको स्वीकृति लिएर मात्र झिक्न वा बैंकले तोकेको क्षेत्रमा मात्र लगानी गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०. वासलात र लाभहानिको हरहिसाब पेश गर्नु पर्नेः कम्पनीले आर्थिक वर्ष समाप्त भएको छ महीनाभित्र आफ्नो वासलात र लाभहानिको हर-हिसाब बैंकले तोकिदिएको ढाँचामा र तरीकाअनुसार तयार गर्नु पर्नेछ र त्यसमा कम्पनीको महाप्रबन्धक, मुख्य लेखापाल र आधाभन्दा बढी संचालकहरूले सहिछाप गरेको हुनु पर्नेछ । त्यसरी तयार गरेको वासलात र लाभहानिको विवरणको दुई प्रति बैंकसमक्ष पेश गर्नु पर्नेछ ।

३१. लेखा र लेखापरीक्षणः (१) कम्पनीको लेखा बैंकबाट स्वीकृत ढाँचा र तरीकाबमोजिम राखिनेछ ।

(२) कम्पनीको लेखाको लेखापरीक्षण साधारण सभाले तोकेको लेखापरीक्षकद्वारा हुनेछ ।

३२. लेखापरीक्षकको नियुक्तिः साधारण सभाले नियुक्ति गरेको लेखापरीक्षकले कम्पनी ऐन, २०२१ बमोजिम कम्पनीको लेखापरीक्षण गर्नेछ ।

तर साधारण सभाले लेखापरीक्षकको नियुक्ति गर्दा एउटै लेखापरीक्षकलाई लगातार तीन पटकभन्दा बढीको लागि नियुक्ति गर्नु हुँदैन ।

३३. लेखापरीक्षकको कर्तव्य र अधिकारः (१) लेखापरीक्षकको कर्तव्य र अधिकार कम्पनी ऐन, २०२१ बमोजिम हुनेछ ।

(२) कम्पनी ऐन, २०२१ ले तोकेको कुराको अतिरिक्त लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा देहायका कुराहरूसमेत स्पष्ट उल्लेख गर्नु पर्नेछः–

(क) निजले माग गर्दा कम्पनीले उपलब्ध गराएको हरहिसाब विवरण सन्तोषजनक छ-छैन,

(ख) कम्पनीले गरेको कारोबार त्यसको अख्तियारीभित्रको छ-छैन,

(ग) कम्पनीबाट प्राप्त भएको विवरण लेखापरीक्षणको लागि पर्याप्त छ-छैन,

(घ) लाभहानीको हिसाब यथार्थ देखाउँछ-देखाउँदैन, र

(ङ) शेयर धनीहरूलाई थाहा दिनु पर्ने निजको विचारमा लागेका अन्य कुराहरू ।

(३) लेखापरीक्षकले आफ्नो लेखापरीक्षणको प्रतिवेदनको एक प्रति बैंकलाईसमेत दिन पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–६
निरीक्षण तथा नियन्त्रण

३४. बैंकले निरीक्षण गर्न सक्ने: (१) बैंकले समय-समयमा कम्पनीको केन्द्रीय कार्यालय वा शाखा कार्यालयको बहीखाता, हरहिसाब वा वित्तीय कारोबार र अन्य काम-कारवाहीको निरीक्षण गर्न सक्नेछ ।

(२) कम्पनीले शेयर धनी, लगानीकर्ता वा निक्षेपकर्ताको हित वा यस ऐन-विपरीत हुने गरी वित्तीय कारोबार वा अन्य काम कारवाही गरेको छ भन्ने कुरामा बैंक विश्वस्त भएमा बैंकले जुनसुकै बेला त्यस्तो कम्पनीको बहीखाता, हरहिसाब वा वित्तीय कारोबार वा अन्य काम कारवाहीको सम्बन्धमा निरीक्षण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कम्पनीले निरीक्षण गर्दा बैंकले मागेको बहीखाता, हरहिसाब वा अन्य आवश्यक कागजातहरू उपलब्ध गराई दिने कर्तव्य सम्बन्धित पदाधिकारी तथा अधिकृतको हुनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम निरीक्षण गर्दा आवश्यक देखिएका कुराहरूका सम्बन्धमा बैंकले आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु कम्पनीको कर्तव्य हुनेछ ।

३५. कम्पनीले विवरण पेश गर्नु पर्ने: प्रत्येक महीना समाप्त भएको पन्ध्र दिनभित्र कम्पनीले कर्जा तथा लगानीका विवरणहरू बैंकमा प्रस्तुत गर्नु पर्नेछ ।

३६. कर्जा वा ऋण दिनमा प्रतिबन्ध: कम्पनीले सञ्चालकलाई कुनै प्रकारको ऋण वा कर्जा उपलब्ध गराउनु हुँदैन र कुनै सञ्चालक जमानी बसेको वा सहभागी भएको वा अभिकर्ता भएको वा व्यवस्थापनमा भाग लिएको वा निजको कुनै किसिमको स्वार्थ भएको वा निजले जमानत दिएको कुनै फर्म, कम्पनी, संस्था वा व्यक्तिलाई समेत कर्जा वा ऋण उपलब्ध गराउनु हुँदैन ।

३७. लगानी गर्नमा प्रतिबन्ध: बैंकको स्वीकृतिविना कम्पनीले आफूले गर्ने कामसँग सम्बन्धित अचल सम्पत्तिबाहेक अन्य अचल सम्पत्ति खरीद गर्न वा कुनै कम्पनी वा संस्थाको शेयर खरीद गर्न वा कुनै फर्म, कम्पनी वा संस्थामा वित्तीय स्वार्थ राख्नु हुँदैन ।

३८. दायित्व बहन गर्न असमर्थ भएमा सूचना गर्नु पर्ने: कम्पनीले आफ्नो दायित्व बहन गर्न नसकेमा वा लगानीकर्तालाई भुक्तानी दिन असमर्थ भएमा बैंकलाई लिखित रूपमा सूचना दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९. सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु पर्नेः कम्पनीले आफ्नो काम कारोवारसम्बन्धी तथ्याङ्क र सूचना बैंकले तोकिदिएको समय र ढाँचामा नियमित रूपले बैंकमा पेश गर्नु पर्नेछ ।

४०. दावी नपरेको निक्षेप वा लाभाँशको विवरण दिनेः (१) कम्पनीले आर्थिक वर्ष समाप्त भएको चार महीनाभित्र पन्ध्र वर्षदेखि फिर्ता नगरिएका निक्षेप रकमको विवरण बैंकमा पेश गर्नु पर्नेछ ।

(२) कम्पनीले लाभाँश घोषित गरेको मितिले तीन वर्षसम्मको लाभाँश लिन नआएका शेयर धनीहरूको लाभाँशको विवरण पनि कम्पनीको आर्थिक वर्ष समाप्त भएको चार महीनाभित्र बैंकमा पेश गर्नु पर्नेछ ।

४१. बैंकले निर्देशन दिनेः बैंकले कम्पनीलाई देहायका विषयहरूमा समय-समयमा निर्देशन दिन सक्नेछः—

(क) कर्जा प्रदान गर्नको लागि स्वीकृति दिंदा वा अग्रिम रकम भुक्तानी दिंदा पालन गर्नु पर्ने नीति र त्यस्ता कर्जा र अग्रिम रकम दिने सम्बन्धमा,

(ख) कम्पनीले लिने वा दिने ब्याज-दर, डिस्काउण्ट-दर, कमिशन-दर, अन्य शुल्कहरू र निक्षेपको भाखा सम्बन्धमा,

(ग) कम्पनीले निक्षेप दायित्व र अन्य दायित्वहरू बापत बैंकले तोकेबमोजिम बैंकमा राख्नु पर्ने कोष सम्बन्धमा ।

४२. बैंकको अधिकारः (१) दफा ३५ बमोजिम बैंकमा प्राप्त भएका विवरणहरूबाट कम्पनीले निक्षेपकर्ता वा लगानीकर्ताको हितलाई हानि-नोक्सानी पुग्ने गरी वा कर्जा उपलब्ध गराएको देखिएमा बैंकले त्यस्तो ऋण वा कर्जा उपलब्ध गराउनमा बन्देज लगाउन सक्नेछ ।

(२) बैंकले उपयुक्त देखेमा कम्पनीले उपलब्ध गराउने कुनै पनि प्रकारको ऋण, कर्जा वा लगानीको भुक्तानी सुरक्षित हुने गरी अवधि तोकी सोही अवधिभित्र ऋण, कर्जा वा लगानी असूल-उपर गर्ने गरी त्यस्तो ऋण, कर्जा वा लगानी गर्ने कम्पनीलाई आदेश दिन सक्नेछ ।

(३) देहायको कुनै अवस्थामा बैंकले कम्पनीउपर उपदफा (४) मा तोकिएको कुनै कारवाही गर्न सक्नेछः—

(क) कम्पनीले आफूले पूरा गर्नु पर्ने दायित्व पूरा गर्न असमर्थ भएमा वा असमर्थ हुने सम्भावना भएमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कम्पनीले निक्षेपकर्ता वा लगानीकर्ताको हित विपरीत हुने गरी कुनै कारोवार गरेमा,

(ग) भुक्तानी स्थगित गरेमा ।

(४) उपदफा (३) मा उल्लिखित अवस्थामा बैंकले कम्पनीउपर देहायको कुनै कारवाही चलाउन सक्नेछः–

(क) कम्पनीलाई सुचारू रूपले सञ्चालन गर्न वित्तीय ढाँचामा परिवर्तन गर्न,

(ख) कम्पनीको कारोवार सुव्यवस्थित तरीकाले सञ्चालन गर्नको लागि उपयुक्त व्यक्ति नियुक्ति गर्न,

(ग) कम्पनीलाई आफ्नो नियन्त्रणमा लिई कारोवार चलाउन,

(घ) कम्पनी खारेज गर्न क्षेत्रीय अदालतमा दरखास्त दिन ।

४३. कम्पनीउपर बैंकको नियन्त्रण: दफा ४२ को उपदफा (४) को खण्ड (ग) बमोजिम बैंकले कुनै कम्पनीलाई आफ्नो नियन्त्रणमा लिएकोमा त्यस्तो कम्पनीको निक्षेप दायित्व भुक्तानी भैसकेको वा भुक्तानीको लागि आवश्यक व्यवस्था भैसकेको छ भन्ने लागेमा वा त्यस्तो कम्पनीलाई आफ्नो नियन्त्रणमा लिई रहन आवश्यक छैन भन्ने लागेमा बैंकले त्यस्तो कम्पनीलाई नियन्त्रणमा नलिन सक्नेछ ।

४४. कम्पनीले बैंकलाई सहयोग गर्नु पर्ने: (१) दफा ४२ को उपदफा (४) को खण्ड (ग) बमोजिम बैंकले नियन्त्रणमा लिएको कम्पनीले आफ्नो सम्पूर्ण कारोवार बैंकलाई सुम्पनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुम्पेको कारोवार सञ्चालन गर्न कम्पनीले बैंकलाई आवश्यक सुविधाहरू उपलब्ध गराउनु पर्नेछ ।

४५. इजाजत-पत्र निलम्बन गर्न सक्ने: (१) देहायको कुनै अवस्थामा कम्पनीलाई दिएको इजाजत-पत्र निलम्बन गर्न बैंकले विभागमा सिफारिश गर्न सक्नेछ र त्यसरी बैंकको सिफारिश प्राप्त भएपछि विभागले कम्पनीको इजाजत-पत्र निलम्बन गर्नु पर्नेछः–

(क) कम्पनीले आफ्नो कारोवार गर्न छाडेमा,

(ख) निक्षेपकर्ताको हित विपरीत हुने गरी कम्पनीले कारोवार गरिरहेको छ भन्ने कुरामा बैंक विश्वस्त भएमा,

(ग) निक्षेप दायित्व पूरा गर्न कम्पनीको सम्पत्ति अपर्याप्त भएमा,

(घ) पच्चीस लाख रूपैयाँभन्दा कम्ती चुक्ता पूंजीमा कम्पनीले आफ्नो व्यवसाय सञ्चालन गरेमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा,

(च) बैंकले समय-समयमा दिएको निर्देशन पालन नगरेमा वा इजाजत-पत्रमा तोकिएको शर्तअनुसार काम नगरेमा ।

(२) उपदफा (१) बमोजिम कम्पनीको इजाजत-पत्र रद्द गर्ने गरी विभागले गरेको निर्णयमा चित्त नबुझेमा त्यस्तो निर्णयउपर निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र कम्पनीले श्री ५ को सरकारसमक्ष पुनरावेदन गर्न सक्नेछ र त्यस्तोमा श्री ५ को सरकारबाट भएको निर्णय अन्तिम हुनेछ ।

परिच्छेद–७

विविध

४६. कम्पनीमा रहेको निक्षेपउपरको हकदावीः कम्पनीमा राखेको निक्षेपमा सो निक्षेप राख्ने व्यक्तिबाहेक अरू कसैको दाबी लाग्नेछैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने त्यस्तो निक्षेपउपर तोकिएबमोजिमको व्यक्तिको हक लाग्नेछ ।

४७. कम्पनीलाई छुटः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन-अन्तर्गत कम्पनीले कुनै नेपाली नागरिक वा प्रचलित कानूनबमोजिम स्थापित कम्पनी वा संस्थालाई दिने कर्जाको लिखत रजिष्ट्रेशन गर्नु पर्नेछैन ।

४८. सम्झौता वा शर्त कबुलियत उल्लङ्घन गरेमा कम्पनीको अधिकारः (१) यस ऐनअन्तर्गत कम्पनीसँग भएको कर्जाको सम्झौता वा शर्त कबुलियतको पालन नगरेमा वा लिखतको भाखाभित्र कम्पनीको कर्जा चुक्ता नगरेमा वा कम्पनीले जाँचबुझ गर्दा कर्जा लिएको रकम दुरूपयोग गरेको वा हिनामिना गरेको देखिएमा सम्बन्धित लिखत वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणीले कम्पनीलाई लेखिदिएको वा कम्पनीमा राखेको सुरक्षणलाई कम्पनीले प्रचलित कानूनबमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा–ब्याज असूल-उपर गर्न सक्नेछ ।

(२) कर्जा दिंदा कम्पनीमा राखेको धितोको जायजेथामा कुनै किसिमले हक छाडिदिएमा वा अन्य कुनै कारणबाट कम्पनीमा राखेको धितोको मूल्य घट्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले तोकिदिएको म्यादभित्र ऋणीबाट सो बापत अरू थप धितो राख्न लगाउन सक्नेछ । कम्पनीले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकेको म्यादभित्र ऋणीले थप धितो राख्न नसकेमा कम्पनीले आफ्नो साँवा-ब्याज कम्पनीमा राखेको सुरक्षणबाट लिलाम बिक्री गरी वा अरू कुनै व्यवस्था गरी असूल उपर गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कम्पनीले लिलाम बिक्री गरी असूल-उपर गर्दा त्यस्तो धितोबाट कम्पनीको साँवा-ब्याजको पूरा रकम असूल-उपर हुन नसकेमा ऋणीको अरू जायजेथाबाट कम्पनीले लिलाम बिक्री गरी असूल-उपर गर्न सक्नेछ ।

(४) यस दफाबमोजिम लिलाम बिक्री वा अन्य व्यवस्था गरी असूल-उपर गरी आएको रकमलाई सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गर्दा भएको खर्चको रकम र कम्पनीको साँवा-ब्याजको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिइनेछ ।

(५) यस दफाबमोजिम कम्पनीले लिलाम बिक्री गर्दा लिलाममा सकार्ने व्यक्तिको नाममा सो जायजेथा प्रचलित कानूनबमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनको लागि कम्पनीले सम्बन्धित कार्यालयमा लेखी पठाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेजको लागि कम्पनीबाट लेखी आएमा सम्बन्धित कार्यालयले पनि रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनु पर्नेछ ।

(७) यस दफाबमोजिम कम्पनीले लिलाम बिक्री गर्दा कसैले नसकारेमा कम्पनीले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित सरकारी कार्यालयहरूले कम्पनीको जनाउबमोजिम आफ्नो कार्यालयमा रहेको स्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनु पर्नेछ ।

४६. गोपनियता कायम राख्नु पर्ने: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनी र ग्राहकहरूको सम्बन्ध तथा कम्पनीको बहीखाता र हरहिसाबको विवरण सरोकारवालाबाहेक अरू कसैलाई दिइनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दा-मामिला वा अन्य काननी कारवाहीको सिलसिलामा अदालत, लेखापरीक्षणको सिलसिलामा लेखापरीक्षक वा निरीक्षणको सिलसिलामा बैंकबाट खटी आएका निरीक्षकलाई निरीक्षण गर्न दिएमा कम्पनीको कारोवार वा स्रेस्ताको गोपनियता भङ्ग गरेको मानिनेछैन ।

(३) कम्पनीको बहीखाता र अन्य स्रेस्ताको निरीक्षण गर्दा अदालत, लेखापरीक्षक, निरीक्षक वा अरू कसैले पनि कम्पनीको कारोवार वा स्रेस्ताको गोपनियता भङ्ग गर्न हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५०. कर्मचारीहरू नियुक्त गर्नेः कम्पनीले आफ्नो कामकारोवार सुचारू रूपले संचालन गर्न आवश्यकतानुसार कर्मचारीहरू नियुक्त गर्न सक्नेछ । निजहरूको सेवा-शर्तहरू तोकिएबमोजिम हुनेछ ।

५१. अदालतद्वारा खारेजीः (१) कम्पनीले तिर्नु पर्ने ऋण तिर्न नसकेमा वा सम्पत्ति र दायित्वसम्बन्धी बैंकले मागेको विवरणहरू तोकिएको समयभित्र पेश गर्न असमर्थ भएमा वा दफा ४२ को उपदफा (४) को खण्ड (घ) को अवस्था परेमा कम्पनीलाई खारेज गर्न बैंकले क्षेत्रीय अदालतमा दरखास्त दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षेत्रीय अदालतमा दिएको दरखास्तको एक प्रति बैंकले श्री ५ को सरकारमा यथाशीघ्र पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कम्पनीलाई खारेज गर्न बैंकले क्षेत्रीय अदालतमा दरखास्त दिएमा क्षेत्रीय अदालतले कम्पनीलाई खारेज गर्न आदेश दिन सक्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "ऋण तिर्न नसकेको" भन्नाले अवधि निर्धारण गरी स्वीकार गरेको निक्षेप रकमको अवधि व्यतीत भएपछि भुक्तानी दिन नसकेमा वा शर्तअनुसार कम्पनीले लिएको ऋण रकम शर्तअनुसार तिर्न असमर्थ छ भनी बैंकले ठहऱ्याएमा कम्पनीले ऋण तिर्न नसकेको मानिनेछ ।

५२. निलम्बन फुकुवा गर्न सकिनेः दफा ४५ बमोजिम इजाजत-पत्र निलम्बन भएका कम्पनीका साहू वा निक्षेपकर्ताहरूले कम्पनीउपर गरेको दावी कम्पनीले पूरा गर्न सक्ने स्थितिमा छ भन्ने कुरामा बैंकलाई सन्तोष लागेमा बैंकले सो निलम्बन फुकुवा गर्न विभागमा सिफारिश गर्न सक्नेछ र त्यसरी बैंकको सिफारिश प्राप्त भएमा विभागले त्यस्तो निलम्बन फुकुवा गर्नु पर्नेछ ।

५३. प्राथमिकताको क्रमः कम्पनीलाई खारेज गर्दा निम्नलिखित प्राथमिकताको आधारमा दायित्वको भुक्तानी दिनु पर्नेछः–

(क) कम्पनी खारेज गर्दा लागेको खर्च,
(ख) कामदार तथा कर्मचारीहरूलाई दिनु पर्ने बाँकी रहेको रकम,
(ग) निक्षेपकर्ताहरू,
(घ) सण्ड्रिक्रेडिटर्स,
(ङ) अन्य कर्जा,
(च) शेयर धनी ।

५४. स्वयंमेव खारेज हुनमा बन्देजः कम्पनीले आफ्नो सबै ऋणहरू पूर्णरूपले चुक्ता गर्ने स्थितिमा छ भन्ने कुरा बैङ्कले नठहऱ्याएसम्म कम्पनी स्वयंमेव खारेज हुन पाउनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५५. कम्पनी गाभिन सक्ने व्यवस्था: (१) अरू कम्पनीलाई गाभ्न चाहने वा अरू कम्पनीमा गाभिन चाहने कम्पनीले बैंकको स्वीकृति पाएमा साधारण सभामा गाभ्ने वा गाभिने योजनासम्बन्धी प्रस्ताव पेश गरी कम्तीमा दुई-तिहाई बहुमतले पारित गरेमा त्यस्तो कम्पनी गाभिन सक्नेछ ।

(२) कम्पनीका शेयर धनीहरूलाई उपदफा (१) बमोजिम हुने साधारण सभाको लिखित सूचना सो सभा हुनुभन्दा अगाडि दिनु पर्नेछ । सो सूचनामा सभा हुने मिति, ठाउँ, समय र कारणसमेत खोली सभा हुने दिनको तीस दिन अगावै राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशितसमेत गर्नु पर्नेछ ।

५६. कम्पनी सम्बन्धमा यस ऐनको व्यवस्था निलम्बन राख्न सकिने: सबै वा कुनै कम्पनीको सम्बन्धमा यस ऐनका सबै वा कुनै व्यवस्था निलम्बन राख्न बैंकले श्री ५ को सरकार-लाई लिखित रूपमा प्रतिवेदन पेश गरेमा र श्री ५ को सरकारलाई सो प्रतिवेदन वाञ्छनीय लागेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस ऐनअन्तर्गत स्थापना भएको सबै वा कुनै कम्पनीको सम्बन्धमा यस ऐनका सबै वा कुनै व्यवस्थालाई छ महीनाको अवधिसम्म निलम्बन राख्न सक्नेछ ।

५७. गोपनियता र इमान्दारीताको शपथ गराउने: (१) कम्पनीको कुनै संचालक वा पदाधिकारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा थाहा पाएको कुनै कुरा अनाधिकृत व्यक्तिलाई जानकारी दिनु हुँदैन ।

(२) कम्पनीमा नियुक्त भएका संचालक वा कर्मचारीले आफ्नो ओहदाको काम शुरू गर्नुभन्दा अगावै तोकिएबमोजिम गोपनियता र इमान्दारीताको शपथ ग्रहण गर्नुपर्नेछ ।

५८. सजाय: (१) कुनै कम्पनीको संचालक, महाप्रबन्धक वा अन्य पदाधिकारीले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम गर्नुपर्ने काम नगरेमा वा कम्पनीको हितको विपरीत काम गरेको छ भन्ने कुरामा बैंकलाई मनासिब माफिकको कारण भएमा त्यस्तो संचालक, महाप्रबन्धक वा पदाधिकारीलाई बैंकले देहायबमोजिमको कारवाही गर्न सक्नेछ:–

(क) त्यस्तो संचालक, महाप्रबन्धक वा पदाधिकारीसँग स्पष्टीकरण लिने,

(ख) खण्ड (क) बमोजिम लिइएको स्पष्टीकरण सन्तोषजनक नभएमा त्यस्तो संचालक, महाप्रबन्धक वा पदाधिकारीलाई नसिहत दिने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै कम्पनीको संचालक, महाप्रबन्धक वा पदाधिकारीउपर उपदफा (१) बमोजिम एक पटक कारवाही भैसकेपछि पनि त्यस्तो संचालक, महाप्रबन्धक वा पदाधिकारीले पुनः निक्षेपकर्ता वा सर्वसाधारण जनताको हितविपरीत काम गरेमा बैंकले त्यस्तो संचालक, महाप्रबन्धक वा पदाधिकारीलाई हटाउन आदेश दिन सक्नेछ । त्यसरी आदेश दिंदा बैंकले सम्बन्धित संचालक, महाप्रबन्धक वा पदाधिकारीलाई हटाउनु पर्ने सबै कारणहरू स्पष्ट खुलाई पर्चा खडा गर्नु पर्नेछ ।

तर त्यसरी आदेश दिनुभन्दा अघि सम्बन्धित संचालक, महाप्रबन्धक वा पदाधिकारीलाई आफ्नो सफाइ पेश गर्ने मौका दिइनेछ ।

(३) उपदफा (२) अन्तर्गत बैंकले गरेको कारवाही उपर चित्त नबुझ्ने संचालक, महाप्रबन्धक वा पदाधिकारीले हटाउने आदेश पाएको मितिले पैंतीस दिनभित्र श्री ५ को सरकारसमक्ष पुनरावेदन गर्न सक्नेछ ।

(४) कुनै कम्पनीको संचालक, महाप्रबन्धक वा अन्य पदाधिकारीले जानीजानी कम्पनीको हानि-नोक्सानी गरेमा त्यस्तो संचालक, महाप्रबन्धक वा पदाधिकारी उपर प्रचलित कानूनबमोजिम कारवाही गर्नमा यस दफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिनेछैन ।

५९. मध्यस्थताः कम्पनीहरूको बीचमा कुनै किसिमको मतभेद उठेमा बैंकले मध्यस्थता गर्नेछ र बैंकले दिएको निर्णय मान्य र अन्तिम हुनेछ ।

६०. असल नियतले गरेको काममा बचाउः यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमहरूको अधीनमा रही असल नियतले गरेको कुनै काम कारवाहीको सम्बन्धमा कम्पनीका संचालक वा कर्मचारीहरू व्यक्तिगत वा सामूहिक रूपमा जवाफदेही हुनेछैनन् ।

६१. काम कारवाही बदर नहुनेः संचालकको नियुक्ति वा समितिको गठनमा अनियमित भएको वा कुनै संचालकको पद रिक्त रहेको कारणले मात्र संचालक वा समितिको कुनै काम कारवाही बदर हुनेछैन ।

६२. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारको स्वीकृति लिई बैंकले नियम बनाउन सक्नेछ ।

६३. विनियम बनाउने अधिकारः कम्पनीले आफ्नो दैनिक कार्य संचालनको लागि यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमहरूको अधीनमा रही आवश्यक विनियमहरू बैंकको स्वीकृति लिई बनाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६९

६४. मुद्दा हेर्ने अधिकारीः यस ऐनअन्तर्गतको मुद्दा-मामिलामा शुरू कारवाही र किनारा गर्ने अधिकार अञ्चल अदालतलाई हुनेछ ।

६५. क्षतिपूर्तिको दावी नलाग्नेः यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमहरूबमोजिम श्री ५ को सरकार वा बैंकले दिएको कुनै आदेश वा निर्देशनलाई कम्पनीले पालन गर्दा कसैलाई कुनै किसिमको हानि-नोक्सानी भएमा कम्पनीसँग भएको करारमा वा त्यस कम्पनीको अरू व्यवस्थामा जुनसुकै कुरा लेखिएको भए तापनि अनाधिकार प्रयोग गरेको बाहेक क्षतिपूर्तिको दावी लाग्न सक्नेछैन ।

६६. प्रचलित कानूनबमोजिम हुनेः यस ऐनमा लेखिए जतिमा यस ऐनबमोजिम र अरूमा प्रचलित कानूनबमोजिम हुनेछ ।

लालमोहर सदर मितिः– २०४२।६।२३।४

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।